# एकीकृत बस्ती विकास सम्बन्धी कार्यविधि, २०७७

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा
प्र,बागमती प्रदेश

# एकीकृत बस्ती विकास सम्बन्धी कार्यविधि, २०७७

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**
२०७७।०१।०४

**<u>प्रस्तावना</u>**: नेपालको संविधान प्रदत्त नागरिकको आवासको हक तथा आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम आवश्यक व्यवस्थापनका लागि एकीकृत बस्ती विकासको अवधारणा अनुरूप आवासको व्यवस्था मिलाउन वाञ्छनीय भएकोले,

आवास अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ३१ को अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम "एकीकृत बस्ती विकास सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एकीकृत बस्ती" भन्नाले कुनै बस्ती विशेषमा उपलब्ध हुन सक्ने भौतिक, सामाजिक, आर्थिक सांस्कृतिक लगायतका पूर्वाधारहरु समेतलाई समेटी व्यवस्थित रुपमा बनाइएको योजनावद्ध बस्ती सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(ख) "कार्यालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको सम्बन्धित शहरी विकास तथा भवन कार्यालय सम्झनु पर्छ।

(ग) "पूर्वाधार" भन्नाले कुनै बस्ती विशेषमा उपलब्ध हुन सक्ने बाटो, ढल, विद्युत जस्ता भौतिक पूर्वाधार, बैंक तथा वित्तीय संस्था, उद्योग, कलकारखाना जस्ता समृद्धि र समुन्नतिसँग सम्वन्धित आर्थिक पूर्वाधार तथा स्थानीय मूर्त तथा अमूर्त सम्पदासँग सम्बन्धित सांस्कृतिक पूर्वाधारहरू सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "भौगोलिक रुपमा विकट बस्ती" भन्नाले मानवीय बसोवास प्रयोजनको लागि व्यवस्थित पूर्वाधार विना नै निर्मित भौगोलिक रुपमा विकट, असुरक्षित स्थान र छरिएर रहेका तथा न्यूनतम आवश्यक पूर्वाधारहरु विकास गर्न कठिन हुने क्षेत्रका बस्तीलाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "योजना" भन्नाले भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घर परिवार बाढी पीडित, भुकम्प पीडित, भूमिहीन (सुकुम्वासी), दलित, सिमान्तकृत र छरिएर बसोबास गरेका व्यक्तिलाई व्यवस्थित रुपमा बसोबास गराउने प्रयोजनको लागि एकीकृत बस्ती विकास गर्न प्रदेश मन्त्रालय वा शहरी विकास तथा भवन कार्यालयबाट सञ्चालन हुने योजना सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) “लाभग्राही” भन्नाले दफा १७ बमोजिम पहिचान गरिएका घरपरिवारलाई सम्झनु पर्छ।

(झ) “समिति” भन्नाले दफा १० को उपदफा (१) बमोजिम गठन भएको प्रदेश एकीकृत वस्ती विकास निर्देशक समिति सम्झनु पर्छ।

(ञ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## एकीकृत बस्ती विकासका आधारहरु

३. **जोखिमयुक्त बस्ती तथा समुदायको पहिचानः** (१) कार्यालयले स्थानीय तहको समन्वयमा जोखिमयुक्त बस्ती तथा समुदायको पहिचान गर्नेछ।

(२) जोखियुक्त बस्तीको पहिचान देहाय बमोजिम हुनेछः-

(क) विपतको उच्च जोखिम तथा असुरक्षित स्थानमा रहेको,

(ख) भौगोलिक विकटको कारणले सेवा सुविधा पुऱ्याउन नसकिने दुर्गम, विकट तथा छुरिएर रहेको।

(३) कार्यालयले जोखिमयुक्त समुदायको पहिचान गर्दा उपदफा (२) बमोजिमको स्थानमा स्थायी वसोवास गर्ने आर्थिक रुपले विपन्न, लोपउन्मुख समुदाय, बाढी पहिरो पिडीत, भुकम्प पीडित, भूमिहीन (सुकुम्बासी), दलित, सिमान्तकृत, अपाङ्गता भएका, अशक्त र असहाय समुदायलाई समेट्नु पर्नेछ।

(४) कार्यालयले उपदफा (२) र (३) बमोजिम जोखिमयुक्त बस्ती तथा समुदायको पहिचान गरी प्रारम्भिक प्रतिवेदन समितिमा पेस गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(५) कार्यालयबाट प्राप्त विवरण तथा अध्ययन प्रतिवेदनको आधारमा समितिले प्राथमिकता निर्धारण गरी प्रदेश भित्र एकीकृत बस्ती विकासको योजना सहित स्थानान्तरण गरिने बस्तीहरु कार्यान्वयनका लागि छनौट गर्नेछ।

४. **<u>बस्ती स्थानान्तरण</u>**: कार्यालयले भौगोलिक रुपमा विकट बस्ती तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा वसोवास गरेका घर परिवारको लागि देहायको विकल्प अनुरुप बस्ती विकास गर्ने व्यवस्था मिलाउनेछः-

(क) पूर्ण बस्ती स्थानान्तरणः भौगोलिक वा अन्य कारणले साविक स्थानमा बस्ती बस्न सुरक्षित नहुने भएमा स्वीकृत विस्तृत प्रतिवेदनको आधारमा बस्तीलाई न्यूनतम पूर्वाधार सेवा सुविधा समेत उपलब्ध हुने गरी एकीकृत रुपमा एक वा विभिन्न स्थानमा स्थानान्तरण गरिनेछ। जोखिमयुक्त भनी पहिचान गरिएका बस्तीको जग्गामा कुनै पनि परिवारलाई प्रचलित कानूनको अधीनमा रही आवासीय प्रयोग गर्न दिइने छैन।

(ख) आंशिक बस्ती स्थानान्तरणः स्वीकृत विस्तृत प्रतिवेदनको आधारमा बसोबास गराउनु पर्ने परिवार सङ्ख्या र योजना स्थलको सम्भाव्यता हेरी उपयुक्त भएमा केही परिवारलाई साविककै स्थानमा बसोबास गराई स्थानान्तरण गर्न सकिनेछ।

(ग) छरिएर रहेका आवास/बस्ती स्थानान्तरणः स्वीकृत विस्तृत प्रतिवेदनको आधारमा सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न कठिन, वासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका आवास तथा बस्तीलाई नजिकको एकीकृत बस्ती विकास भएको स्थानमा स्थानान्तरण गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

५. **एकीकृत बस्ती विकास**: (१) एकीकृत बस्ती विकास गरी भौगोलिक रुपमा विकट बस्ती तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका दफा ३ को उपदफा (२) बमोजिमको स्थानमा बस्ने घर परिवारहरुको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास तथा घडेरीको व्यवस्था गर्न र अन्य शहरी क्रियाकलापको लागि मन्त्रालयले शहरी विकासको अवधारणा अनुरुप देहाय बमोजिम एकीकृत बस्ती विकास सञ्चालन गर्नेछः-

(क) जग्गा प्राप्तिः प्रचलित कानून बमोजिम जग्गा प्राप्ति गरिनेछ।

(ख) जग्गा विकासः दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम प्राप्त जग्गामा मन्त्रालयले शहरी विकास सम्वन्धी मापदण्ड अनुसार पूर्वाधारयुक्त सूचकहरु (घडेरी, खुला क्षेत्र, सडक सञ्जाल, विद्युत, प्राथमिक विद्यालय, स्वास्थ्य चौकी र प्रहरी चौकी, बैंक तथा वित्तीय संस्था, पसल, साना उद्योग आदि) सहित जग्गा विकासको योजना तयार गर्नेछ।

(ग) पूर्वाधार विकासः एकीकृत बस्ती विकासको क्रममा आवश्यक पूर्वाधारहरु निर्माणको लागि मन्त्रालयबाट बजेट व्यवस्था गरी कार्यालयले सम्वन्धित निकाय तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी निर्माण गर्नेछ।

(२) समितिको निर्णयको अधीनमा रही मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग आवास तथा पूर्वाधार विकास कार्यका लागि समझदारी पत्र (एम.ओ.यू.) गरी एकीकृत बस्ती व्यवस्थापनको लागि दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-३
## योजना तर्जुमा, प्रस्ताव स्वीकृति र कार्यान्वयन सम्वन्धी

६. **योजना तर्जुमा**: (१) समितिबाट बस्ती स्थानान्तरण गर्न छनौट भएका एकीकृत बस्ती विकासको लागि भू-उपयोग क्षेत्र निर्धारण गर्ने, त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने तथा त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा सडक, यातायात, बिजुली, ढल निकास, सरसफाइ, खुला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलब्ध गराउने गरी योजना तर्जुमा गरिनेछ।

(२) कार्यालयले देहाय बमोजिम प्रारम्भिक योजना तर्जुमा गर्नेछः-

(क) बस्तीको अध्ययनः स्थानान्तरण गरिने सम्भावित बस्तीको अवस्थिति, भौगोलिक संरचना, जग्गाको कित्ता, नक्शा, जग्गाधनीको विवरण, विद्यमान आर्थिक र सामाजिक स्थिती, उपलब्ध पूर्वाधार तथा सेवा सुविधाहरु, उपलब्ध स्रोतसाधन आदिको विषयमा स्थलगत अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने।

(ख) तथ्याङ्क विश्लेषणः संङ्कलन गरिएको तथ्याङ्क विश्लेषण तथा अध्ययन गरी बस्ती विकासको लागि उपयुक्त विकल्प छनौट गर्ने।

७. **योजना प्रस्ताव**: कार्यालयले दफा ६ को उपदफा (२) बमोजिम एकीकृत बस्ती विकासको प्रारम्भिक योजना तर्जुमा गरी समितिमा स्वीकृतिको लागि निम्न कागजात सहित पेश गर्नु पर्नेछः-

(क) प्रारम्भिक योजना स्वीकृतिको लागि निवेदन,

(ख) एकीकृत बस्ती विकास योजनामा सहभागी हुन चाहने अन्य साविक बासिन्दाहरु भएमा तत्

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

सम्वन्धी विवरण र त्यस्ता व्यक्तिहरुको मञ्जुरीनामा सहित नागरिकताको प्रतिलिपि,

(ग) बस्ती विकास सम्वन्धी अवधारणा नक्शा सहितको भौतिक विकास योजना,

(घ) प्रारम्भिक योजनाको लागत, लागत व्यहोर्ने स्रोत र कार्यान्वयन संयन्त्र,

(ङ) अन्य सान्दर्भिक र आवश्यक विषयहरु सहितको योजना प्रतिवेदन।

८. **<u>योजना स्वीकृती</u>**: प्रस्तावित योजनाहरुको स्वीकृति समितिको सिफारिसमा मन्त्रालयबाट हुनेछ।

९. **<u>योजना कार्यान्वयन</u>**: योजना स्वीकृत भएपछि कार्यालयले कार्यान्वयन गर्नेछ।

## परिच्छेद-४
## <u>समिति सम्वन्धी</u>

१०. **<u>प्रदेश एकीकृत बस्ती विकास निर्देशक समिति</u>**: (१) एकीकृत बस्ती विकासको कार्यमा समन्वय र व्यवस्थापनका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक प्रदेश एकीकृत बस्ती विकास निर्देशक समिति रहने छः-

(क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ङ) सचिव, भौतिक पूर्वाधार
विकास मन्त्रालय -सदस्य

(च) बस्ती विकास हुने स्थानीय
तहको प्रमुख वा निजले
तोकेको प्रतिनिधी -सदस्य

(छ) प्रमुख, सम्बन्धित महाशाखा,
भौतिक पूर्वाधार विकास
मन्त्रालय -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

११. **<u>बैठक सम्बन्धी कार्यविधि</u>**: (१) समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ।

(२) समितिको वैठक सम्वन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिलाई नियमानुसार वैठक भत्ता उपलब्ध हुनेछ।

१२. **<u>प्रदेश एकीकृत बस्ती विकास निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** प्रदेश एकीकृत बस्ती विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नितिगत निर्णय गर्ने,

(ख) कार्याक्रम कार्यान्वयनको क्रममा मन्त्रालय, कार्यालय तथा कार्यक्रम कार्यान्वयन इकाईलाई निर्देशन दिने तथा स्थानीय तहसँग समन्वय गर्ने,

(ग) बस्ती विकासमा एकरुपता ल्याउन आवश्यक मापदण्ड तोक्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(घ) आयोजना कार्यान्वयन इकाईबाट कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरुको क्षेत्र सम्बन्धी जानकारी लिने,

(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(च) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित निकायहरू बीच समन्वय गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका क्रममा आई परेका वाधा अडचन फुकाउने,

(ज) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(झ) आवश्यकता अनुसार अनुगमन उपसमिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने गराउने,

(ञ) समितिले उपयुक्त ठानेका अन्य कार्यहरु गर्ने ।

१३. **<u>कार्यक्रम कार्यान्वयन समिति</u>:** जिल्लामा कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

(क) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुख -संयोजक

(ख) कार्यक्रम सञ्चालन हुने स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) कार्यक्रम सञ्चालन हुने वडाको वडा अध्यक्ष -सदस्य

(ङ) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको प्रमुख -सदस्य-सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१४. **<u>कार्यक्रम कार्यान्वयन समितिको काम कर्तव्य र अधिकारः</u>** प्रदेश एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनको लागि सरोकारवालाहरुबीच समन्वय र छलफल गर्ने,

(ख) सम्बन्धित स्थानीय तहहरुसँग समन्वय गर्ने,

(ग) एकीकृत बस्ती विकास निर्माण कार्यको लागि उपयुक्त योजना कार्यान्वयनमा सहयोग गर्ने,

(घ) लक्षित वर्गलाई कार्यक्रम सम्बन्धी जानकारी गराउने,

(ङ) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने,

(च) आवश्यकता अनुसार कार्यालयमा वा संयोजकले तोकेको स्थानमा बैठक सञ्चालन गर्ने।

## परिच्छेद-५

## <u>कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको भूमिका</u>

१५. **<u>मन्त्रालयको काम, कर्तव्य र अधिकारः</u>** मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकको लागि आवश्यक सहयोग गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने,

(ग) कार्यालय मार्फत माग भएको कार्यक्रम तथा बजेट स्वीकृत गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट व्यवस्थाको लागि अनुरोध गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आईपरेका समस्याहरु समाधान गर्ने तथा कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ङ) यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा आवश्यक तयारी गरी स्वीकृतिको लागि पेश गर्ने।

१६. **<u>कार्यालयको काम, कर्तव्य र अधिकारः</u>** (१) कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(ख) समितिले छनौट गरेका जोखिमयुक्त बस्तीहरुको प्रारम्भिक योजना तर्जुमा गरी समितिमा पठाउने,

(ग) समितिले छनौट गरेका, स्थानान्तरण गर्नु पर्ने जोखिमयुक्त बस्तीहरूको स्थानान्तरणका लागि आवश्यक जग्गा प्राप्त गर्न साथै स्वीकृत योजना कार्यान्वयन गर्न वजेट व्यवस्थाको लागि मन्त्रालय पठाउने र ऐन कानून वमोजिम आवश्यक जग्गा प्राप्त गर्ने,

(घ) सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने,

(ङ) प्रचलित ऐन, नियम बमोजिम एकीकृत बस्ती निर्माण गर्ने,

(च) लाभग्राहीहरुको पहिचान गरी स्थानान्तरण हुने जग्गा तथा आवास वितरण सम्बन्धी सम्झौता गर्ने,

(छ) एकीकृत बस्ती निर्माणको निरीक्षण र प्रमाणीकरणको लागि आवश्यकता अनुसार प्राविधिकहरु परिचालन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने तथा कार्यक्रमको प्रगतिको प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने र सम्वन्धित निकायहरु बीच समन्वय गर्ने,

(झ) तोकिएका एकीकृत बस्ती सम्बन्धी अन्य कार्यहरू गर्ने।

(२) कार्यालयमा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन एकाइ रहनेछ र कार्यक्रम कार्यान्वयन एकाइको लागि आवश्यक जनशक्ति मन्त्रालयले उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-६
## <u>एकीकृत बस्ती विकासको विधि</u>

१७. **<u>लाभग्राहीको पहिचान तथा लगत सङ्कलनः</u>** (१) कार्यालयले दफा ३ को उपदफा (५) बमोजिम छनौट भएका बस्तीमा रहने समुदायको घर परिवारलाई लाभग्राहीको रुपमा पहिचान गर्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम पहिचान भए पछि लाभग्राहीको देहायको विवरण पेश गर्न लगाई लगत सङ्कलन गर्नेछः-

(क) सम्बन्धित स्थानीय तहको सो स्थानमा स्थायी बसोबास गर्दै आएको कुनै प्रमाण सहितको सिफारिस,

(ख) घर जग्गा नभएको वा विपदको उच्च जोखिममा रहेको भन्ने प्रमाण खुल्ने गरी स्थानीय तहले गरेको सिफारिस,

(ग) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था र घर धनिको परिवार सहितको फोटो।

१८. **कार्यक्रम कार्यान्वयन स्थानः** (१) बागमती प्रदेशका तेह्र जिल्लामा आवश्यकताका आधारमा एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ।

(२) कार्यक्रम कार्यान्वयन स्थान पहिचान गर्दा सडक, खानेपानी, ढलनिकास, विद्युत,स्वास्थ्य संस्था, विद्यालय लगायतका आधारभूत पूर्वाधार विकास गर्न सहज हुने स्थानमा कार्यक्रम सञ्चालन गरिनेछ।

(३) एकीकृत बस्ती विकास गर्न आवश्यक पर्ने जग्गा सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने सुनिश्चितता भएको स्थानमा कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उपलब्ध भएको जग्गाको सम्बन्धमा उपयुक्त विज्ञ समूहको अध्ययनको आधारमा बसोबास कार्यक्रम सञ्चालन हुनेछ।

(५) गैर कृषि वा व्यवसायिक कृषिमा रोजगारी सृजना हुन सक्ने अवस्थालाई मध्यनजर गरी नयाँ बस्ती विकासको योजना तयार गर्न सकिनेछ।

१९. **निर्माण सम्बन्धी कार्यः** एकीकृत बस्ती विकासका लागि आवश्यक निर्माण सम्बन्धी कार्य प्रचलित कानून बमोजिम गरिनेछ।

२०. **एकीकृत बस्ती विकासमा खर्च गर्ने स्रोतः** एकीकृत बस्ती विकासका सम्पुर्ण कार्य प्रदेश सरकारको अनुदानमा गरिनेछ।जसका लागि आवश्यक रकम प्रदेश सरकारले मन्त्रालयलाई उपलब्ध गराउनेछ।यसरी उपलब्ध भएको रकम सम्बन्धित कार्यालय मार्फत यो कार्यविधिको अधिनमा रही एकीकृत बस्ती विकासका लागि खर्च गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२१. **निर्माण सम्पन्न भएको मानिने**: एकीकृत बस्ती विकासका लागि आधारभूत पूर्वाधार सहितको आवास निर्माण भई सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि निर्माण सम्पन्न भएको मानिनेछ।

२२. **आवास हस्तान्तरण भएको मानिने**: लाभग्राहीलाई प्रदेश एकीकृत बस्ती विकास समन्वय समितिले निर्णय गरे बमोजिम आवास हस्तान्तरण गर्नु पर्नेछ। आवास हस्तान्तरण गर्दा अनुसूची बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयले सम्झौता गरी हस्तान्तरण गर्नेछ। यसरी सम्झौता भई आवास लिए पछि हस्तान्तरण भएको मानिनेछ।

## परिच्छेद-७
## विविध

२३. **कन्टिन्जेन्सी खर्चको व्यवस्था**: (१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न कार्यालयले प्रचलित कानून बमोजिमको रकम कन्टिन्जेन्सी खर्च वापत छुट्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा कार्यक्रम सञ्चालन, मूल्याङ्कन र अनुगमन, सुपरिवेक्षण, समीक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ।

२४. **स्तर कायम गर्नु पर्ने**: आवास निर्माण गर्दा त्यस प्रयोजनको लागि सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड, गुणस्तर, निर्माण संहिता आदिको पूर्ण पालना गर्नु पर्नेछ।

२५. **कारवाही हुने**: आवास व्यवस्थाबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्स्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

२६. **<u>सुविधा नपाउने</u>**: यस कार्यविधि बमोजिम आवास प्राप्त गर्ने लाभग्राहीहरूले प्रदेश सरकारका अन्य कार्यक्रमबाट आवास सुविधा पाउने छैन।

२७. **<u>स्वामित्व हस्तान्तरण नहुने</u>**: यस कार्यविधि बमोजिम उपलब्ध गराएको घर जग्गा भए सो आवास इकाईको स्वामित्व भौगोलिक रुपमा विकट बस्ती तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा वासोवास गरेका घर परिवारको नाममा कायम भएको दस बर्षको अवधि सम्म प्रचलित कानून बमोजिमको अंशियारका बिचमा अंशबण्डा गर्न र निजको शेषपछि निजको हकवालाको नाममा नामसारी दाखिल खारेज वा अन्य कुनै व्यहोराले स्वामित्व हस्तान्तरण गर्ने बाहेक अरु कुनै पनि तवरले अन्य कुनै व्यक्ति वा संस्थाको नाममा हस्तान्तरण तथा बिक्री वितरण गर्न पाइने छैन।

२८. **<u>वाधा अडकाउ फुकाउने</u>**: कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा प्रदेश मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिको व्यवस्थाको प्रतिकूल नहुने गरी वाधा अडकाउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची

(दफा २२ सँग सम्वन्धित)

**आवास हस्तानान्तरण-पत्र**

| | |
|---|---|
| सर्वेक्षण घरधनी क्रम सङ्ख्या | |
| सम्झौता क्रमाङ्क सङ्ख्या | |

भौगोलिक रुपमा विकट तथा विपद्को जोखिम बस्ती स्थानान्तरण गरी एकीकृत बस्ती विकास सम्बन्धी कार्यक्रम अन्तर्गत आवास निर्माणका लागि ............................................ जिल्ला ............................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., वडा नं. ...........................गाँउ/टोल .....................बस्ने श्री......................................................... को नाति/नातिनी/बुहारी श्री ........................................................ को छोरा/छोरी/श्रीमती वर्ष...... को लाभग्राही श्री .....................(यस पछि प्रथम पक्ष भनिने) र .......................... शहरी विकास तथा भवन कार्यालय (यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही मिति २०.......... साल .............. महिना........ गतेका दिन आवास लिनका लागि मञ्जुर भई सही छाप दस्तखत गरेको छु।

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरूः**

१. म आर्थिक रुपले विपन्न/उच्च जोखिम/बाढीपिडीत/सुकुमवासी/दलित/सिमान्तकृत/छरिएर बसोबास गरेको/ भौगोलिक रुपमा विकट/विपद्को जोखिममा रहेको ठीक साँचो हो ।

२. दफा २७ मा उल्लेख भएको व्यवस्था बाहेक यस कार्यविधि बमोजिम उपलब्ध गराएको आवास इकाईको स्वामित्व कुनै पनि तवरले अन्य कुनै व्यक्ति वा संस्थाको नाममा हस्तान्तरण गर्ने छैन।

३. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

दोस्रो पक्ष (शहरी विकास तथा भवन कार्यालय........................) ले मञ्जुर गरेका शर्तहरू

प्रथम पक्षबाट उल्लेखित शर्तहरू पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास उपलब्ध गराईयो।

| **प्रथम पक्ष (लाभग्राही)** |
|---|
| (क)लाभग्राहीको व्यक्तिगत विवरणः |
| लाभग्राहीको नाम, थर(नेपालीमा): ...........................................................................<br>लाभग्राहीको नाम, थर(अंग्रेजीमा): ...........................................................................<br>नागरिकतामा उल्लेखित ठेगाना<br>जिल्लाः..............................<br>म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.,.......................................वडा नं.......................<br>ना.प्र.नं.: ................. जारी गर्ने जिल्लाः ..................... जारी मितिः........................... |



आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

जन्म मितिः ........................................
सम्पर्क फोन नं. :

स्थायी ठेगाना र नागरिकतामा उल्लेखित ठेगाना फरक भएमा
(बसाइसराइको विवरण उल्लेख गर्ने)
बसाइसराई प्रमाणपत्र नं. ..................................................................
बसाइसराई मिति ..............................................................................

लाभग्राहीको फोटो

फोटो

आवास हस्तान्तरण-पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण
(लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधी)

संरक्षक/अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको नाम, थरः ..........................................................

स्थायी ठेगाना

जिल्लाः........................................ म.न.पा./उ.म.न.पा./न.पा./गा.पाः ...........................
वडाः.........................  गाउँ/टोलः................................
ना.प्र.नः .......................  जारी गर्ने जिल्लाः ............................
जारी मितिः ....................  जन्म मितिः ............................

बाजेको नाम, थरः ..............................................................................
बाबुको नाम, थरः ..............................................................................
आमाको नाम, थरः ..............................................................................
लाभग्राहीसँगको नाताः ............................................सम्पर्क फोन नं. : ...........................

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर .......................
मितिः- ....................................................

(ख) घर निर्माण भएको जग्गाको विवरणः
कित्ता नं. ................................ क्षेत्रफल.......................................वर्ग मिटर
ठेगानाः जिल्ला....................... गा.वि.स./न.पा.........................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| (ग) इच्छाएको व्यक्तिको नाम, थरः ..................................................<br>लाभग्राहीसँगको नाताः ........................................................................ | |
| (घ) साक्षीको नाम, थरः ..................................................................<br>हस्ताक्षरः .................... | |
| **दोश्रो पक्ष (..................................... शहरी विकास तथा भवन कार्यालय)** | कार्यालयको छाप |
| कार्यालयको नाम, ठेगानाः .....................................................<br>अधिकार प्राप्त कर्मचारीको नामः ..............................................<br>पदः ................................<br>हस्ताक्षरः ..........................<br>मितिः ................................ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश